# प्रदेश आर्थिक बुलेटिन

बर्ष २, अंक ३ असोज, २०८३



## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको थियो। चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनासम्म प्रदेशको राजस्व सङ्कलन लक्ष्यमा १७.१४ र खर्च ८.१६ प्रतिशत रहेको छ।

**<u>प्रकाशन तथा सम्पादन</u>**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

## प्रदेश सरकारको आम्दानीः

आर्थिक वर्ष २०८३/८४ मा यस महिनासम्मको कुल प्राप्ति ५ अर्ब ६५ करोड ९४ लाख ३२ हजार ६५१ रुपैयाँ रहेको छ, जुन आर्थिक वर्ष २०८२/८३ को सोही अवधिको ( ४ अर्ब ४० करोड २६ लाख ८१ हजार ७२० रुपैयाँ ) को तुलनामा १ अर्ब २५ करोड ६७ लाख ५० हजार ९३१ रुपैयाँले बढी हो। कुल प्राप्ति वार्षिक लक्ष्यको तुलनामा अघिल्लो आर्थिक वर्षमा १३.७७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा बढेर १७.१५ प्रतिशत पुगेको छ। आन्तरिक आम्दानीतर्फ अघिल्लो आर्थिक वर्षको ४५ करोड ८५ लाख ७३ हजार ८२५ रुपैयाँबाट वृद्धि भई चालु आर्थिक वर्षमा ७८ करोड ७ लाख ४५ हजार २१७ रुपैयाँ पुगेको छ। त्यसैगरी, नेपाल सरकारबाट प्राप्त अनुदान २ अर्ब ६० करोड ५८ लाख २१ हजार ९१० रुपैयाँबाट वृद्धि भई ३ अर्ब १९ करोड ४७ लाख ६५ हजार रुपैयाँ तथा नेपाल सरकारबाट प्राप्त राजस्व १ अर्ब ३३ करोड ८२ लाख ८५ हजार ९८५ रुपैयाँबाट वृद्धि भई १ अर्ब ६८ करोड ३९ लाख २२ हजार ४३४ रुपैयाँ पुगेको छ।

यसरी आन्तरिक आम्दानी, नेपाल सरकारबाट प्राप्त अनुदान तथा राजस्वमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षमा कुल प्राप्ति र वार्षिक लक्ष्यको तुलनामा प्राप्ति प्रतिशतमा सुधार भएको देखिन्छ। तथापि, वार्षिक लक्ष्यको तुलनामा कुल प्राप्ति अझै १७.१५ प्रतिशत मात्र रहेकाले बाँकी अवधिमा लक्ष्यअनुसार प्राप्ति बढाउन आवश्यक देखिन्छ।

**तालिका १: दुई आर्थिक वर्षको असोज महिनासम्म राजस्व प्राप्तिको अवस्था (रु. करोडमा)**

| विवरण | आ. ब. २०८३/८४ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | प्राप्ति | वार्षिक लक्ष | प्राप्ति |
| आन्तरिक आम्दानी | ५८४.१९ | ७८.०७ | ५७३.४४ | ४५.८६ |
| नेपाल सरकारबाट प्राप्त अनुदान | १२७२.८५ | ३१९.४८ | १२२३.३६ | २६०.५८ |
| नेपाल सरकारबाट प्राप्त रोयल्टी | ५१.४८ | ०.०० | २२.४० | ०.०० |
| नेपाल सरकारबाट प्राप्त राजश्व | १०१६.४७ | १६८.३९ | ९७९.२९ | १३३.८३ |
| आन्तरिक ऋण | १७५.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २००.०० | ०.०० | २२४.५१ | ०.०० |
| जम्मा प्राप्ति | ३२९९.९९ | ५६५.९४ | ३१९८.०० | ४४०.२७ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**प्रदेश सरकारको खर्चः**

१. आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को असोज महिनाको खर्च तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च रु. ६४ करोड ४३ लाख ६६ हजार र पूँजीगत खर्च रु. ९७ करोड ४९ लाख ३७ हजार रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा चालु खर्च रु. ५८ करोड ६८ लाख ८६ हजार र पूँजीगत खर्च रु. ९७ करोड ७ लाख ७३ हजार रहेको देखिन्छ। यसैगरी, आर्थिक वर्ष २०८३/८४ मा चालु खर्च रु. ८० करोड २९ लाख २० हजार र पूँजीगत खर्च रु. १ अर्ब २ करोड ५० लाख १३ हजार रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा चालु खर्च तथा पूँजीगत खर्च दुवैमा वृद्धि भएको देखिन्छ। वित्तीय व्यवस्थातर्फ तीनवटै आर्थिक वर्षमा खर्च शून्य रहेको छ। स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ आर्थिक वर्ष २०८१/८२ मा रु. ३१ करोड ३१ लाख ९५ हजार, आर्थिक वर्ष २०८२/८३ मा रु. १६ करोड ९१ लाख ९१ हजार र आर्थिक वर्ष २०८३/८४ मा रु. २९ करोड ७६ लाख ३० हजार खर्च भएको देखिन्छ। यसबाट चालु आर्थिक वर्षमा चालु तथा पूँजीगत खर्च र स्थानीय तहमा वित्तीय हस्तान्तरणमा वृद्धि भएको भए पनि बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउँदै विकास निर्माण तथा वित्तीय हस्तान्तरणको प्रगतिलाई निरन्तरता दिनुपर्ने देखिन्छ।

आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को श्रावणदेखि असोज महिनासम्मको खर्च तुलना गर्दा चालु खर्चतर्फ आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा सबैभन्दा बढी रु. ८० करोड २९ लाख २० हजार, पूँजीगत खर्चतर्फ आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा सबैभन्दा बढी रु. १ अर्ब २ करोड ५० लाख १३ हजार तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ आर्थिक वर्ष २०८१/८२ को असोज महिनामा सबैभन्दा बढी रु. ३१ करोड ३१ लाख ९५ हजार खर्च भएको देखिन्छ। वित्तीय व्यवस्थातर्फ तीनवटै आर्थिक वर्षमा खर्च भएको छैन। चालु तथा पूँजीगत खर्चमा आर्थिक वर्ष २०८३/८४ को असोज महिना सबैभन्दा बढी खर्च भएको देखिन्छ भने स्थानीय तह तर्फ आर्थिक वर्ष २०८१/८२ को असोज महिनामा बढी खर्च भएको देखिन्छ।

**तालिका २: तीन आर्थिक वर्षको महिना अनुसारको वित्तिय प्रगतिको अवस्था (रु. हजारमा)**

| महिना को | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | | | | २०८२/८३ | | | | २०८३/८४ | | | |
| | चालु खर्च | पूँजीगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजीगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजीगत खर्च | वित्तिय | स्थानीय तह |
| **श्रावण** | १३६२८.०८ | ४९७९१.८३ | 0.00 | 0.00 | १४२१२.५१ | ४३३५५.३५ | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| **भाद्र** | ३०४९१०.६८ | ५७८६८९.८७ | 0.00 | २७१३३६.२५ | ३१९८१०.३० | ५१४६६५.४६ | 0.00 | ३७२२०.२५ | ३३७९६९.८७ | २२८८५३.४७ | 0.00 | 0.00 |
| **असोज** | ६४४३६६.०७ | ९७४९३६.७५ | 0.00 | ३१३१९५.00 | ५८६८८६.७१ | ९७०७७३.६४ | 0.00 | १६९१९१.५० | ८०२९२०.१७ | १०२५०१३.४० | 0.00 | २९७६३०.७५ |
| **जम्मा खर्च** | ९६२९०४.८४ | १६०३४१८.४५ | 0.00 | ५८४५३१.२५ | ९२०९०९.५१ | १५२८७९४.४४ | 0.00 | २०६४११.७५ | ११४०८९0.0४ | १२५३८६६.८७ | 0.00 | २९७६३०.७५ |
| **विनियोजन** | १११५००६0.00 | १९५१७९९३.00 | ३००००0.00 | २०१०५२२.00 | १०६३५६१६.00 | १९०९३३२४.00 | २५०००0.00 | २००१०५९.00 | १०७२६५९१.00 | २००२६१२२.00 | २५०००0.00 | १९९७१८७.00 |
| **खर्च प्रतिशत** | 0.00९ | 0.00८ | 0.000 | 0.0२९ | 0.00९ | 0.00८ | 0.000 | 0.0१0 | 0.0११ | 0.00६ | 0.000 | 0.0१५ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

२. स्थानीय तहतर्फको वित्तीय हस्तान्तरण बाहेकको प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को खर्चलाई बिश्लेषण गरी हेर्दा आर्थिक वर्ष २०८३/८४ मा चालु खर्च अघिल्ला दुई आर्थिक वर्षको तुलनामा वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को तुलनामा चालु खर्च रु. २१ करोड ९९ लाख ८० हजार रुपैयाँले वृद्धि भएको छ। यसको विपरीत, पूँजीगत खर्च रु. २७ करोड ४९ लाख २७ हजार रुपैयाँले घटेको छ। वित्तीय व्यवस्थातर्फ तीनवटै आर्थिक वर्षमा खर्च भएको देखिँदैन।

कुल खर्चतर्फ आर्थिक वर्ष २०८१/८२ मा रु. २ अर्ब ५६ करोड ६३ लाख २३ हजार, २०८२/८३ मा रु. २ अर्ब ४४ करोड ९७ लाख ३ हजार र २०८३/८४ मा रु. २ अर्ब ३९ करोड ४७ लाख ५६ हजार खर्च भएको छ। यसअनुसार आर्थिक वर्ष २०८२/८३ को तुलनामा २०८३/८४ मा कुल खर्च रु. ५ करोड ४९ लाख ४७ हजारले घटेको देखिन्छ।

समग्रमा, आर्थिक वर्ष २०८३/८४ मा चालु खर्च बढे पनि पूँजीगत खर्चमा उल्लेख्य कमी आएका कारण कुल खर्च घटेको देखिन्छ। त्यसैले पूँजीगत खर्च वृद्धि गर्न आयोजना कार्यान्वयनमा देखिएका समस्या पहिचान गरी समयमै समाधान गर्ने, खरिद प्रक्रिया तथा ठेक्का

व्यवस्थापनलाई प्रभावकारी बनाउने र स्वीकृत कार्यक्रमको कार्यान्वयनलाई तीव्रता दिन आवश्यक देखिन्छ।

**चार्टः १ तीन आर्थिक वर्षको खर्च अवस्था स्थानीय तह बाहेक (रु. हजारमा)**




| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|
| चालु खर्च | ९६२९०४.८४ | ९२०९०९.५१ | ११४०८९०.०४ |
| पूँजीगत खर्च | १६०३४१८.४५ | १५२८७९४.४४ | १२५३८६६.८७ |
| वित्तिय | ०.०० | ०.०० | ०.०० |

चालु खर्च पूँजीगत खर्च वित्तिय

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

३. आर्थिक वर्ष २०८१/८२ मा जम्मा खर्च रु. ३ अर्ब १५ करोड ८ लाख ५४ हजार रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा घटेर रु. २ अर्ब ६५ करोड ६१ लाख १५ हजार पुगेको र आर्थिक वर्ष २०८३/८४ मा सामान्य वृद्धि भई रु. २ अर्ब ६९ करोड २३ लाख ८७ हजार पुगेको देखिन्छ। आर्थिक वर्ष २०८२/८३ को तुलनामा २०८३/८४ मा जम्मा खर्च रु. ३ करोड ६२ लाख ७१ हजारले वृद्धि भए पनि आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु. ४५ करोड ८५ लाख ६७ हजारले कम रहेको छ। कुल विनियोजनको तुलनामा खर्च प्रतिशत आर्थिक वर्ष २०८१/८२ मा ९.५५ प्रतिशत, २०८२/८३ मा ८.३१ प्रतिशत र २०८३/८४ मा ८.१६ प्रतिशत रहेको छ। यसरी पछिल्लो आर्थिक वर्षमा कुल खर्चमा सामान्य वृद्धि भए पनि विनियोजनको तुलनामा खर्च प्रतिशत घटेको देखिएकाले बजेट कार्यान्वयनको प्रगति अपेक्षाकृत कमजोर रहेको छ। तसर्थ, स्वीकृत

आयोजना तथा कार्यक्रम समयमै कार्यान्वयन गर्ने, खर्च हुन नसक्नुका कारण पहिचान गरी समाधान गर्ने र पूँजीगत खर्चको प्रभावकारिता बढाउन आवश्यक देखिन्छ।

**तालिका ३: तीन आर्थिक वर्षको असोज महिनासम्म जम्मा खर्चको अवस्था (रु. हजारमा)**

| विवरण | आ.ब | | |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| चालु खर्च | १५४७४३६.०९ | ११२७३२१.२६ | १४३८५२०.७९ |
| पूँजीगत खर्च | १६०३४१८.४५ | १५२८७९४.४४ | १२५३८६६.८७ |
| वित्तिय | ०.०० | ०.०० | ०.०० |
| जम्मा खर्च | ३१५०८५४.५३ | २६५६११५.७० | २६९२३८७.६६ |
| जम्मा विनियोजन | ३२९७८५७५.०० | ३१९७९९९.०० | ३२९९९००.०० |
| खर्च प्रतिशत | ९.५५ | ८.३१ | ८.१६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**तालिका ४: तीन आर्थिक वर्षको असोज महिनासम्म स्थानीय तहको खर्च (रु. हजारमा)**

| आ.ब | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|
| स्थानीय तह | ५८४५३१.२५ | २०६४११.७५ | २९७६३०.७५ |

४. आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा रु. ५८ करोड ४५ लाख ३१ हजार खर्च भएकोमा आर्थिक वर्ष २०८२/८३ मा घटेर रु. २० करोड ६४ लाख ११ हजार खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०८३/८४ मा स्थानीय तहमा रु. २९ करोड ७६ लाख ३० हजार खर्च भएको छ। यसअनुसार आर्थिक वर्ष २०८२/८३ को तुलनामा २०८३/८४ मा स्थानीय तहमा हुने खर्च रु. ९ करोड १२ लाख १९ हजारले वृद्धि भएको छ भने आर्थिक वर्ष २०८१/८२ को तुलनामा रु. २८ करोड ६९ लाख ५ हजारले कमी आएको देखिन्छ। यसबाट पछिल्लो आर्थिक वर्षमा स्थानीय तहमा हुने खर्चमा अघिल्लो वर्षको तुलनामा सुधार भए पनि आर्थिक वर्ष २०८१/८२ को खर्चको स्तरमा पुग्न नसकेको देखिन्छ।